प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## वार्षिक परीक्षा प्रणालीका कार्यक्रमहरुमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशन सम्बन्धी सूचना

(प्रकाशित मिति: २०७९/१०/२२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/१०/१२ गतेको निर्देशनानुसार तथा यस बागमती प्रदेश कार्यालयको मिति २०७९/१०/१७ गतेको वार्षिक परीक्षा प्रणालीका कार्यक्रमहरुमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ आवेदन दिने सम्बन्धी सूचना अनुसार प्राप्त आवेदनहरु डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९ बमोजिम आवश्यक रुजु गरी योग्यताक्रमानुसार प्रशिक्षार्थी छनोट गरी नतिजा प्रकाशन तथा भर्नाका लागि सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीहरुले मिति २०७९/१०/२४ गतेसम्म कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, वर्गीकृत छात्रवृत्तिको कुन लक्षित समूहमा छनौट भएको भए सो को सक्कल प्रमाणपत्रहरु तथा प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी परिषद्को भर्ना सम्बन्धी निर्देशिका बमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्नु गराउनु हुन साथै उक्त विद्यार्थीहरुको रजिष्ट्रेशन फाराम भर्ना म्याद सकिएको भोलिपल्ट अनिवार्य ITMS entry गराउनु हुन अनुरोध छ।

**नोटः**

यस अघि नै कुनै पनि कार्यक्रममा पूर्ण शुल्कीय वा वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका विद्यार्थीहरुको भर्ना स्वतः खारेज हुने जानकारी गराउँदछौं।

**निर्देशक**